

# ओखलढुङ्गाका.....

# परिवर्तनका कथाहरू....



Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

Swiss Agency for Development
and Cooperation SDC
स्वीस सरकार बिकास सहयोग

P.O. Box No. 113,
Kathmandu, NEPAL
Tel. no. ++9771 55 24 927,
Fax no. ++9771 55 25 358
www.sdc.org.np

# मिहेनतीलाई उन्नति गर्न केहीले रोक्दैन

ओखलढुङ्गाको कटुन्जे गाविस- ६, माथिल्लो टोल घर भएकी टीकामाया विश्वकर्मा अहिले २७ वर्ष पुग्नु भयो। १५ वर्षको कलिले उमेरमा २०५६ सालमा बिहे गर्नु भएकी उहाँका दुईवटा बच्चा छन् ।

कमाइका लागि जग्गा जमिन नभएकी टीकामायाको जीविकोपार्जनको मुख्य स्रोत बरबोट-मान्द्रे दोभान सडक निर्माणको काम हो । विगत दुई वर्षदेखि त्यही सडकमा काम गरेर उहाँले पुरानो ऋण तिर्नु भएको छ । चरम अभावबाट मुक्ति लिँदै छोरा छोरीलाई स्कुल पठाउन तथा आर्थिक समृद्धिको खुड्किलो उक्लिन सक्षम हुनु भएको छ । यो सडक जिविस अन्तर्गतको जिल्ला सडक सहयोग कार्यक्रमले निर्माण गरिरहेको छ ।


टीकामायाको परिवार

२१ वर्षिय सनकुमार विश्वकर्मासँग विवाह गरेर श्रीमान्को घरमा भित्रिँदा टीकामायासँग थुप्रै सपना थिए । तर ती सपना पुरा गर्नका लागि सनकुमारका अभिभावकसँग पर्याप्त जग्गा जमिन थिएन । भएको थोरै बारीको उब्जाउबाट मुश्किलले ३ महिना खान पुग्थ्यो । बाँच्नका लागि उहाँहरुले दैनिक ३० रुपैयाँमा ज्यालादारी काम गर्नु भयो । तर त्यसले पनि उहाँहरुलाई विहान बेलुका हातमुख जोरेर घरखर्च चलाउन सधैँ धौधौ हुन्थ्यो ।

अभाव र गरिबीमा पिल्सिरहेका बेला गाउँको कसैले उहाँहरुलाई काठमाडौं जाने सल्लाह दियो । गरिबीबाट मुक्ति पाउने आशामा ऋणपान बोकेर ५ वर्षअघि उहाँहरु काठमाडौ भित्रिनु भयो । उहाँहरुलाई विश्वास थियो, मिहेनत गरेपछि बाँच्नैका लागि समस्या त नहोला नि । शुरुमा उहाँहरुले काठमाडौंमा घरमा रंग लगाउने काम पाउनु भयो । त्यसबाट टीकामायाले दैनिक ५० देखि एक सय रुपैयाँसम्म कमाउनु हुन्थ्यो भने उहाँका श्रीमानले दुईसय रुपैयाँ । तर त्यो पैसाले खाना र कोठा भाडा तिर्न ठिक्क हुन्थ्यो । चर्को महँगीमा उहाँहरुले कत्ति पनि पैसा बचत गर्न सक्नु भएन ।

यस्तै बेला गाउँ आएर फर्किने क्रममा २०६५ मा उहाँका श्रीमान सनबहादुर गम्भीर दुर्घटनाको सिकार हुनुभयो। उहाँ चढेको बस घुर्मी र कटारीको बीचमा र्दुघटनामा पर्दा दाहिने हात र खुट्टा भाँचियो। त्यसको १० महिनासम्म सनबहादुरले कुनै काम गर्न सक्नु भएन। उपचारका लागि गाउँमा भएको खेत बेच्दा पनि पुगेन। थप एक लाख रुपैयाँ ऋण लाग्यो । यसपछि टीकामायाको जीवन झन् दुःखदायी भयो । गुजारा र श्रीमानको उपचारका लागि बिहेमा पाएका सुनका गहनासमेत बेच्नु भयो । श्रीमान् कमाउन नसक्ने र आफ्नो एक्लो कमाइले काठमाडौंमा परिवार धान्न मुस्किल भएपछि केही महिना पछि नै उहाँ अँध्यारो मुख लगाएर गाउँ फिर्नु भयो ।

कटुन्जेमा फर्किए पनि उहाँको जीवन पहिलाकै अवस्थामा आउन सक्ने अवस्था थिएन । त्यसैले गाउँ पुगे



पछि टीकामाया झनै निराश हुनुभयो । अंशमा जेथो पाएको जग्गा उपचारका लागि पहिल्यै बेचिसक्नु भएको थियो । त्यसैले कमाइका लागि खोस्रिने ठाउँ पनि बाँकी थिएन । खर्चका वावजुद श्रीमानको अवस्थामा पनि कुनै सुधा आएन। उहाँलाई उपचार खर्च र गुजाराको समस्याले झनै चिन्तित बनायो । सहयोगका लागि कसैकहाँ हात पसार्न जान सक्ने अवस्था पनि रहेन । आफन्तहरुले पनि  उहाँलाई कतिन्जेल सहयोग दिइरहन सक्थे र ?

चारैतिरैबाट समस्याका अक्करे भीरले घेरिएकी टीकामायालाई पुरानो ऋण तिर्ने कुराले समेत झन तनाब दियो । अरुका छोराछोरी राम्रा लुगा लगाएर स्कुल गएको देख्दा उहाँको मन कटक्क भएर आउँथ्यो । अनेक प्रयास गर्दा पनि गरिबी र अभावबाट मुक्ति पाउन नसक्दा उहाँलाई जिन्दगीप्रति नै दिक्दारी लाग्न थाल्यो ।

संयोग भनुँ, त्यहीबेला स्वीस सरकार अन्तर्गतको जिल्ला सडक सहयोग कार्यक्रम (डिआर एसपी)ले सन् २००९ को डिसेम्बरमा बरबोट- मान्द्रे दोभान सडक निर्माणको काम सुरु ग¥यो । बाँच्नका लागि अथक संघर्ष गरिरहेकी टीकामायाले गाउँमै भविष्यको नयाँ क्षितिज भेट्नु भयो । शुरुमा उहाँले डिआरएसपीकै सामाजिक विकास कार्यक्रमले दिएको ढुंगा काट्ने तथा गाह्रो लगाउने १५ दिने तालिम लिनु भयो । तालिमले उहाँलाई राम्रो र प्रभावकारी किसिमले सडकको काम गर्नको लागि सीप दियो ।

दैनिक तीन सय रुपैयाँ ज्याला पाउने भएपछि टीकामायाले सन् २०१० मा सोही सडकमा काम गर्न शुरु गर्नु भयो । मिहेनती टीकामायाले १८ महिनामा एक लाखभन्दा बढी रुपैयाँ आम्दानी गर्न सक्नु भयो । त्यसबाट उहाँले ३० हजार रुपैयाँ पुरानो ऋणबाट मुक्ति पाउनु भयो । अहिले उहाँका ११ वर्षीय ठुलो छोरा कक्षा दुईमा र सात वर्षिय छोरा कक्षा १ मा पढिरहेका छन् । यसैगरी उहाँले सानो गाई र दुईवटा बाखासमेत किन्नु भएको छ । टीकामाया मात्र होइन, उहाँजस्ता धेरैले सडक निर्माणको कामबाट निकै फाइदा लिन सफल हुनु भएको छ । सबैभन्दा लोभलाग्दो कुरा त उहाँमा आत्मविश्वास बढेको छ । जीवनमा केही गर्न सकिन्छ भन्ने आशा र विश्वास पलाएको छ । जीवन बाँच्ने उत्साहको पालुवा पलाएको छ ।

यो सडक निर्माणका क्रममा गरिबहरुको केही जग्गासमेत काटिएका छ । उनको

परिवारको जग्गा पनि परेको छ । सडक बन्नुअघि त्यो जग्गाबाट वार्षिक २ हजार रुपैयाँ जति कमाई हुन्थ्यो । तर अहिले टीकामायाको मासिक आम्दानीनै ८ हजार देखि १२ हजार रुपैयाँसम्म हुने गरेको छ । तर पनि गाउँलेहरुसँग कुनै गुनासो छैन । परियोजनाले सडक बनाएर पनि काम नदिएको भए आफूहरुजस्ता गरिबको उठिबास हुन्थ्यो । जग्गा गुमाउनुको गुनासो नभएको बताउने टीकामाया भन्नुहुन्छ, "केही पाउन केही गुमाउनुपर्छ नै ।"

हुन पनि सडकमा काम गरेर पाएको कमाइले गाउँलेहरुका दर्जनौं समस्या समाधान भएका छन् । बर्षौं पुराना ऋणबाट मुक्ति मिलेको छ । जीवनस्तरमा आमूल परिवर्तन भएको छ । सिर्जनात्मक काम, पोषण र खाद्य सुरक्षाका अनेक उपाय सिकाएको छ । अझ टीकामायाको मनमा त आगामी ३ वर्ष यसैमा काम गर्ने अवसर पाएमा केही समयमै अन्य राम्रो ठाउँमा जग्गा किन्न सक्छु भन्ने आत्मविश्वास समेत बढेको छ ।

हुन त टीकामायाले त्यसअघि पनि गाउँमा आएका कतिपय परियोजनाहरुका बारेमा सुन्नु भएको थियो । तिनले कुरा मात्रै ठुला कुरा गरेको तर आफूहरु जस्ता गरिबको लागि केही नगरेको उहाँको अनुभव रहेछ । त्यही कारण सुरुमा यहाँले सडक सहयोग कार्यक्रमलाई पनि उही ड्याङको मूला भनेजस्तै ठान्नु भएको रहेछ । "डिआरएसपीको काम गर्ने तरिका नै फरक रहेछ ।" टीकामाया भन्नुहुन्छ, "पहिलो प्राथमिकता गरिब, दलित तथा महिलालाई राख्ने मात्र होइन, समान कामको लागि समान ज्याला पनि दिएको छ ।" अरु परियोजनाजस्तो ठेकेदार मार्फत् काम गराउने तथा भुक्तानी दिने परिपाटी छाडेर डिआरएसपीले कामदारलाई प्रत्यक्ष ज्याला दिनाले मिहेनत गर्न जाँगर चलेको उहाँहरुको भनाई छ ।

सडक निर्माणमा काम नपाएको भए टीकामाया र उनको परिवारको जीवन कस्तो हुन्थ्यो होला त ? "सडक कार्यक्रमले आफु जस्ता गरिबको लागि अवसर नदिएको भए म आफ्नो सम्पूर्ण जग्गा जमिन बेच्न बाध्य हुन्थेँ ।" डिआरएसपीले आफूहरुको विस्थापनलाई सधैंका लागि रोकिदिएको बताउने उहाँले भन्नुभयो "श्रीमानको उपचार र हेरचाहको लागि कतै विस्थापित हुनु पर्थ्यो होला । त्यसैले धन्यवाद छ डिआरएसपीलाई ।

# असहायको सहारा : सार्वजनिक सुनुवाई

"दुःखीको एकमात्र सहारा सार्वजनिक सुनुवाई रहेछ" भन्नुहुन्छ उर्मिला खत्री । यो निष्कर्षमा पुग्नुअघि ओखलढुङ्गा गाविस-७ की खत्रीले निकै लामो समय पीडा, अभाव र उपेक्षाको जीवन गुजार्नु भएको छ । समस्या, हण्डरठक्करसँग निक पटक पौठेजोरी खेल्नु भएको छ। दर्जनौं ठाउँमा पुगेर आफ्नो व्यथा पोख्दा पनि समस्या समाधानको पहल नभएको अनुभव संगाल्नु भएको छ । अनि गरिब तथा विपन्न माथि गरिने दुर्व्यवहार, हेला र तिरस्कार को भारी मनभरी हुनेगरी बटुल्नु भएको छ ।



उर्मिला खत्री, छोरी अप्सरा र छोरा मनिषको साथमा

ओखलढुङ्गा जिल्ला विकास समिति अन्तरगतको स्थानिय विकास कोषमा सामाजिक परिचालकका रुपमा कार्यरत यज्ञबहादुर खत्रीलाई वि.सं. २०६४ साल असारमा विराटनगर मा आयोजित एक तालिममा सहभागी हुन पठाइयो । तालिमपछि अरु सबै फर्किए पनि यज्ञबहादुर फर्किएनन् । श्रीमान् घर नआएपछि अत्तिएकी उर्मिलाले सोधीखोजी शुरु गर्नुभयो । तालिममा सँगै गएकाहरुबाट पहिलो दिन साँझबाटै हराएको र त्यसपछि आफूहरुसँग सम्पर्क नभएको जानकारी पाउनुभयो । यसबारेमा उहाँले स्थानिय विकास कोषका प्रमुख उमेश कार्कीलाई पनि जानकारी गराउनुभयो । जिविसले आफ्नो कर्मचारीको खोजखबर गर्नु साटो उनले पाउन बाँकी दुई महिनाको तलब र कल्याण कोषबाट गरि जम्मा २२ हजार रुपैयाँ दिएर उर्मिलालाई पन्छाउने काम गऱ्यो । त्यसपछि उहाँले श्रीमान् खोजिदिनको लागि सबैतिर गुहार गर्नु भयो । पत्रपत्रिका, रेडियो तथा टेलिभिजनमा सूचना पनि दिनुभयो । तर कतैबाट सुनुवाई भएन । आफ्नै कर्मचारीको खोजीको लागि समेत जिविसका तात्कालीन पदाधिकारीले कुनै चासो देखाएनन् । यसबाट उर्मिलाको मुटु छियाछिया भयो । नावालक छोरी र छोराको भविष्यको जिम्मेवारीले उहाँलाई थप सकसमा पुऱ्यायो ।

कमाउने श्रीमान् नै वेपत्ता भएपछि उहाँलाई विहान वेलुकाको हातमुख जोर्ने समस्या भयो । आधा पेट खाएरै भए पनि न्यायको लागि उहाँ धेरैपटक धेरैतिर धाउनुभयो । राजनीतिक दलका नेताहरुको दैलो चाहर्नु भयो । सहयोगको लागि जिल्ला परिषद्मा प्रस्ताव राखिदिनको लागि नेताहरुसँग गरेको अनुरोध पनि खेर गयो । "सिडिओ कहाँ पनि धेरैचोटि पुगें" त्यो बेला चरम निराशा ब्यहोर्नु भएकी उर्मिला भन्नुहुन्छ "सहयोग त गरेनन् नै, भेटेकाहरुबाट राम्रो व्यवहार समेत पाउन सकिनँ ।"

दुईवर्ष बित्दा पनि श्रीमानको ज्यान, खबर केही आएन । उहाँ झनै निराश हुनु भयो । बुबा गुमाउनुको पीडामा छोराछोरीको मानसिक अवस्था पनि बिथोलिन पुग्यो । फुसको छाना भएको घरमा बर्खाको समय छाता ओडेर सुत्नुपर्ने अवस्था भयो । छोराछोरीको लागि कापी कलम किन्ने समस्याले पढाई नै छाड्नुपर्ने अवस्थाबाट गुज्रिन थाले । दुई सन्तानका अभिभावक यज्ञबादुरको वेखबरले उर्मिलालाई जीवनसाथी वेपत्ता हुनुको पिडा त छँदै

थियो त्यसमाथि छोराछोरीको भरणपोषण र शिक्षादीक्षाको समेत चिन्ता थपियो । जानुपर्ने भन्नुपर्ने र अनुरोध गर्नुपर्ने सबै ठाउँ पुगेर पनि कुनै परिणाम नआएपछि उर्मिला जीवनदेखि नै निराश र हतास भएर बस्नुभएको थियो ।

पीडामा पिल्सिँदै जीवनलाई जसोतसो घिसारिरहनु भएकी खत्रीले श्रीमान् बेपत्ता भएको करिब दुई वर्षपछि असल शासन परियोजनाको बारेमा जानकारी पाउनु भयो । "त्यहाँ पुग्दा त म आफ्नो माईती पुगेजस्तो लाग्यो विगतको घटना सम्झदै खत्री भन्नुहुन्छ, "राम्रो व्यवहार र मीठो बोलीवचनले मेरा आधा पीडा कम भयो ।" असल शासन परियोजनाकै सहयोगमा उहाँले राष्ट्रिय मानव अधिकार आयोगको विराटनगर शाखामा श्रीमान्को अवस्था पत्ता लगाइदिनको लागि निवेदन दर्ता गराउनु भयो । आयोगले तत्कालै नीजको अवस्था पत्ता लगाउन जिल्ला प्रशासन तथा जिल्ला प्रहरी कार्यालय मोरङलाई पत्राचार गरिएको बोधार्थ उहाँलाई पनि पठायो । तैपनि उहाँले आफ्नो श्रीमान्को बारेमा कुनै जानकारी पाउन सक्न भएन । त्यसपछि उहाँले असल शासन परियोजनाकै सहयोगमा वेपत्ता पतिको ज्यान पत्ता लगाइदिन तथा गुजाराको लागि आफूलाइ नोकरीको व्यवस्था मिलाई दिन अनुरोध गर्दै २०६६ वैशाख २१ गते स्थानिय विकास अधिकारीलाई निवेदन दिनुभयो । असल शासन रेडियो कार्यक्रममा उहाँका आवाज सहितको रिपोर्ट प्रसारण भयो । असल शासन पत्रिकामा समाचार प्रकाशित भयो । त्यसपछि उहाँका मर्न लागेका आशाका त्यान्द्राहरु चलमलाउन थाले । उहाँमा जिजिविषा थपिदै गयो । सरोकार वाला कार्यालयहरुमा धाउँदा भोग्नु परेका हरेक पीडा, दैनिक जीवनमा आइपरेका दुःख र समस्या असल शासनको कार्यालयमा आएर सुनाउन थाल्नुभयो । त्यहाँबाट आवश्यक सल्लाह र सहयोग पाउँदै जानुभयो ।

यसैबीच असल शासन परियोजनाले २०६६ पुस २९ गते सदरमुकाम ओखलढुङ्गामा सार्वजनिक सुनवाइ आयोजना गरेको थियो । कार्यक्रममा जिल्ला प्रशासन, जिविस, जिल्ला प्रहरीलगायतका कार्यालयका प्रमुखहरु र जिल्लास्थित सम्पूर्ण राजनीतिक पार्टीका अगुवा नेताहरुको उपस्थिति थियो । कार्यक्रममा उहाँले आफ्नो समस्याका पोको खोल्नु भयो । आफ्नो गिर्दो आर्थिक अवस्था र छोराछोरीको पढाई निरन्तरता दिन परेको कठिनाई लगायतका समस्या सविस्तार राख्नु भयो । कार्यालय, राजनीतिक दलका नेताहरु अनि स्थानीय निकायमा धाउँदाका पिडा, अप्ठ्यारा र असहयोगलाई सबैको सामु राख्नुभयो । जिविसबाट अहिलेसम्म क्षतिपूर्ति पाउन नसकेको र त्यहाँ भोग्नुपरेको अपमानलाई सबैको सामु सार्वजनिक गर्नुभयो । हिक्कहिक्कका बीच उहाँले आफ्ना समस्या राख्दा कतिपय सहभागीलाई समेत आँशु रोक्नै मुस्किल पऱ्यो ।

जिल्लाका जिम्मेवार अधिकारी, क्षेत्र, पेशा तथा व्यवसायका प्रतिनिधि तथा स्थानिय विकासका साझेदार संस्थाका अगुवाहरुको उपस्थिति रहेको कार्यक्रममा उहाँले भोग्नु परेको पति वियोग अनि सरोकारवाला निकायका पदाधिकारी र नेताहरुबाट पाएको उपेक्षा र तिरस्कारको व्यवहार सार्वजनिक भयो । मानवीय संवेदना माथि उहाँको हिक्कहिक्कले सहभागीको मनमा सिधै प्रहार गऱ्यो । यसपश्चात कार्यक्रम सञ्चालक केदार खडकाले कार्यक्रमस्थलमै उर्मिला खत्रीका वालबच्चाको शिक्षाको लागि सहयोग गरिदिन आव्हान गर्नुभयो । लगत्त उहाँकी छोरी अप्सरालाई शुभलक्ष्मी बोर्डिङ स्कुलले र छोरा मनिषलाई लाली गुराँस बोर्डिङ स्कुलले पूर्ण छात्रवृत्तिमा अध्यापन गराउन सहमत भए । सोही वर्षको जिल्ला परिषदमा खत्रीको परिवारको जीविकोपार्जनको लागि



**सार्वजनिक सुनुवाईको अन्त्यमा गरिएको साझा सार्वजनिक प्रतिवद्धता, जसको पाच नम्बर बुदामा उर्मिला खत्रीको समस्या समाधान गर्नको लागि**

आर्थिक सहयोग दिनको लागि प्रस्ताव लैजाने र त्यसलाई पारित गर्ने कुरामा राजनीतिक दलका नेता तथा प्रशासकहरु सहमत भए । कार्यक्रमको अन्त्यमा तयार भएको आठ बुँदे साझा सार्वजनिक प्रतिवद्धताको पाँच नम्बर बुँदामा समेत यसबारेमा उल्लेख गरियो ।

अहिले खत्रीका छोरा मनिष स्थानीय लालीगुराँस बोर्डिङ स्कुलमा कक्षा ३ मा अध्ययनरत छन् । उनलाई स्कुलले भर्ना, मासिक शुल्क र पाठ्यपुस्तकलगायत शैक्षिक सामाग्री समेत निःशुल्क उपलब्ध गराएको छ । मनिषलाई सम्पूर्ण कक्षामा छात्रवृत्ति दिइरहेको विद्यालयका प्रधानाध्यापक सुर्यबहादुर श्रेष्ठ बताउनुहुन्छ । पहिला मनिषको बारेमा हामीलाई थाहा थिएन प्र. अ. श्रेष्ठ भन्नु हुन्छ - “सार्वजनिक सुनुवाइमा जानकारी पाएपछि हामीले उनलाई सहयोग गरेका हौ ।” मनिषलाई आगामी दिनमा पनि स्कुलले कुनै पनि कक्षामा भर्ना शुल्क, मासिक शुल्क, तथा परीक्षा शुल्क नलिने प्रअ श्रेष्ठ प्रतिवद्धता व्यक्त गर्नुहुन्छ ।

त्यो बेला कक्षा ९ मा अध्ययन गरिरहेकी उहाँकी छोरी अप्सराले तल्ला कक्षामा पढ्नुपर्ने हुनाले शुभलक्ष्मी बोर्डिङ स्कुलले राखेको निःशुल्क पढाइदिने प्रस्तावलाई स्वीकार्न सकिनन् । उनले स्थानीय सगरमाथा जनता उच्च माविमै अध्ययन गरिन् । यस बीचमा विद्यालयले उनलाई शैक्षिक सामाग्री र छात्रवृत्ति उपलब्ध गरायो । त्यसपछि उनको पढाईमा उल्लेखनीय सुधार हुन थाल्यो । यसै वर्ष उनले झण्डै ५९ प्रतिशत अंक ल्याएर एसएलसी पास गरिन् ।

सार्वजनिक सुनुवाईमा गरेको प्रतिबद्धता बमोजिम २०६६ चैत २३ गते सम्पन्न ओखलढुङ्गा जिल्ला परिषदले खत्रीको जीविकोपार्जनको लागि भनेर ५० हजार रुपैयाँ दिने निर्णय गर्‍यो ।



**राहत पाउनु अघिको फुसको छाना भएको घर**



**राहत पाएपछि बनाएको नयाँ घर**

“सार्वजनिक सुनुवाईमा कुरा उठ्नुभन्दा अघि यस समस्यालाई हामीले जिम्मेवार रुपमा सोच्नै सकेका रहेनछौं” नेकपा एमाले ओखलढुङ्गाका अध्यक्ष यज्ञ सुनुवार भन्नुहुन्छ “सुनुवाईमा कुरा उठेपछि हामीले उर्मिलाजीको समस्यालाई महत्व दिएर राहत दिने सवाललाई पहिलो प्राथमिकतामा राख्यौं ।”

जिविस ओखलढुङ्गाका योजना अधिकृत गणेश कटुवाल पनि सार्वजनिक सुनुवाइ हुनुअघि खत्रीको समस्यालाई त्यत्ति प्राथमिकतामा राख्न नसकेको स्विकार्नु हुन्छ । "हाम्रो ध्यान नपुगेको रहेछ" कटुवालले भन्नुभयो, "सुनुवाइमा प्रतिवद्धता व्यक्त गरिएपछि राजनीतिक दलका नेताहरु, जिविस तथा स्थानिय सरोकारवालाहरुको सहयोग गर्ने कुरामा साझा सहमती बन्यो, जसले गर्दा सहयोग रकम उपलब्ध गराउनको लागि सजिलो भयो ।"

जिविसले उपलब्ध गराएको पैसा पाएपछि उर्मिलाले पानी चुहिने फुसको छानो हटाएर जस्तापाताले घर छाउनु भएको छ । लैनो भैसी किन्नुको साथै केही कुखुरा र खसीवाखा पाल्नु भएको छ । अहिले उहाँ दैनिक ४ माना दुध वेच्नु हुन्छ । "कुखुरा र खसी-बाखा बिक्रीबाट पनि राम्रो छ" मिहेनतमा विश्वास गर्ने उर्मिलाले भन्नुभयो "अहिले दुईचार रुपैयाँको लागि हात फै लाउँदै हिँड्नुपर्ने अवस्था छैन ।" छोराछोरीले राम्ररी पढ्न पाएकामा उर्मिला झन् खुसी र उत्साहित देखिनु हुन्छ ।



कुखुराला दाना दिदै उर्मिला खत्री

अहिले उहाँको श्रीमान् हराउनुको पिडाको घाउँमा विस्तारै खाटा बस्दै गएको छ । गएको असारको दोश्रो साता उहाँले भन्नुभयो "सबै कुरा राम्रो हुँदै आएको छ ।" असल शासन परियोजनाको साथ र सहयोगले आजको स्थितिसम्म हुनसकेको बताउँदै उर्मिला भन्नुहुन्छ "सबैले छिछि र दुरदुर गरिरहेको बेलामा असल शासनले साथ दियो सार्वजनिक सुनुवाई त मजस्ता दुःखी तथा साहाराविहिन व्यक्तिको एकमात्र साहारा, आड र भरोसा रहेछ ।"

# यसरी फेरियो जीवनशैली

सदरमुकामभन्दा करिब चार कोश पश्चिममा रहेको बरुणेश्वर गाविस ओखलढुङ्गा जिल्लाकै चेतना स्तर उच्च भएका गाविसमध्येमा पर्दछ । यहाँ जन्मे हुर्केका कतिपय मानिसहरु देशका उच्च तहसम्म समेत पुगेका छन् । दुई दर्जन बढी त शिक्षक नै छन् । राष्ट्रिय स्तरका टेलिभिजन, पत्रपत्रिकाहरुमा समेत यहाँका युवाहरुको राम्रै बाहुल्यताछ ।

बरुणेश्वर गाविसको ३ नं. वडा भने बत्ती मुनीको अँध्यारोको स्थितिमा छ । तोलाङ्गी थरका दलित, राई, भुजेल र केही बाहुन क्षेत्रीहरुको बाहुल्य रहेको या बस्तीका अधिकांशसँग गुजाराका लागि आफ्नो जमिनसमेत छैन । केही वर्षअघि गाविस स्तरिय सम्पन्नता स्तरिकरण गर्दा यहाँका २३ घरधुरी गैह्र लाभान्वित देखिएको थियो । दैनिक गुजाराका लागि अर्काकोमा ज्याला मजदुरी गर्न विवश उनीहरुको आर्थिक एवम् चेतनास्तर एकदमै तल थियो । यतिसम्म कि सानो करेसाबारी भएकाहरुसमेत तरकारीको रुपमा सोयाविन (न्यूटेला) लाई अत्याधिक मात्रामा प्रयोग गर्थे । मजदुरी गर्न गएका घरधनीले दिएको अवस्थामा मात्रै उनीहरुको भान्सामा ताजा तरकारी पाक्थ्यो । आफ्नो करेसाबारीलाई कसरी सदुपयोग गने भन्ने चेतना पनि उनीहरुसँग थिएन । जसले गर्दा उनीहरु र उनीहरुका छोराछोरी कुपोषणले ग्रस्त भएर बारम्बार बिरामी भइरहन्थे । स्वास्थ्य उपचारमा बारम्बार खर्च गर्नु पर्दा उनीहरुको आर्थिक अवस्था झनै संकटमय हुन्थ्यो ।

त्यो गाउँका विपन्नहरुलाई लक्षित गरेर विगतमा विभिन्न परियोजनाहरु सञ्चालन भए । तर अर्काकोमा ज्याला मजदुरी नगरी बिहान बेलुकाको हातमुख जोर्न नसक्ने उनीहरुले ती परियोजनालाई महत्व दिनै सकेनन् । यतिसम्म कि कतिपय परियोजनाले छलफलका लागि भेला बेलाउँदासमेत मानिसहरु उपस्थित हुन भ्याउँदैनथे । सित्तैमा पाएका कागती, जुनार, आरू, आरूवखडा, जापानिज नास्पाती तथा जापानिज जातको हलुवावेदका विरूवा रोप्नको लागि समेत स्थानियवासीले चासो राख्दैनथे । हुन पनि गुजाराको कुरालाई थाती राखेर परियोजनाका कुरामा कसरी समय खर्च गर्न सकून् ?

यस्तै अफठ्यारो परिस्थितिमा स्वीस सरकार विकास सहयोग अन्तर्गतको घरबगैंचा कार्यक्रमले २०६६ सालमा आफ्नो परियोजना सञ्चालनका लागि त्यो गाउँलाई छनोट गऱ्यो । परियोजनाका सामाजिक कार्यकर्ताहरुको अथक प्रयासपछि अत्यन्तै विपन्न आर्थिक अवस्था भएका २० घर दलित, ३ घर भूजेल र १ घर दाहाल परिवारलाई समेटेर महांकाल महिला कृषक समूह गठन गऱ्यो । समूहमा आबद्ध कृषकहरुको खेती योग्य जमीन सरदर १.५ रोपनीभन्दा कम्ती नै छ ।

घरबगैचा परियोजनाले शुरुमा उनीहरुलाई पारिवारिक पोषण शिक्षासम्बन्धी तालीम दियो । भएकै स्रोतसाधनबाट कसरी बढीभन्दा बढी फाइदा लिने भन्ने कुरा जान्न पाएपछि उनीहरुको जीवनशैलीमा केही परिवर्तन हुन थाल्यो । त्यसपछि परियोजनाले कृषि सम्बद्ध व्यवहारिक प्रयोग र तालीमबाट समूहका सदस्यहरूको क्षमतामा अभिबृद्धि गऱ्यो । नर्सरी व्यवस्थापन र बाली लगाउने तरिका सिकायो ।

यद्यपि शुरुशुरूमा सल्लाह दिंदा किसानहरू त्यसलाई झन्झटको रूपमा लिन्थे । तर बारम्बार को प्रयास र कर्मचारी आफैंले उनीहरूको घरबगैंचा क्षेत्रमा काम शुरू गरे । थोरै सहभागिता देखाउने कृषकहरूले विस्तारै परियोजनाबाट पाएको बीउविजन रोप्न र स्याहार्न थाले । जसबाट जाँगरिला किसानको घरवगैंचा हरियाली भयो । सिजनअनुसारका विभिन्न तरकारीहरू रहरलाग्दो गरी फल्न थाल्यो । थोरै मिहेनतबाट फलेको आफ्नै बारीको ताजा तरकारी उपभोग गर्न पाएपछि कृषकहरू उत्साहित भए । अनि तरकारीमा आफैं उत्साहसाथ लाग्न थाले ।

छिमेकीको बारीमा तरकारी लहलहाएको देखेपछि सुरुमा चासो नराख्नेहरुको पनि मन फेरियो । उनीहरुले पनि परियोजनाले खटाएका सामाजिक कार्यकर्ताहरुसँग सम्पर्क गरेर आफ्नो बारीमा तरकारी लगाउन थाले । देखासिकीबाट शुरु भएको तरकारी खेतीले गाउँको मुहार नै फेरिन थालयो । कुनै बेलामा उजाड देखिने त्यहाँका किसानको करेसावारीमा कम्तीमा पनि ९-१० थरिका तरकारी उत्पादन हुन थाल्यो । ताजा तरकारी खान मन लागेको बेला मदजुरीबाट कमाएको पैसा खर्च गर्नुपर्ने बाध्यता सधैंका लागि टऱ्यो । अहिले त त्यहाँका कृषकले च्याउ खेती गरेर आफ्नो पारिवारिक पोषण बढाएका मात्र छैनन् मनग्ये आम्दानी पनि गर्न थालेका छन् ।



सिंचाईको दृष्टिकोणबाट यो ठाउँ सुख्खा छ। यद्यपि यहाँका उत्साही किसानले सुख्खा समयमा पनि जुठेल्नो पानी संकलन, विरूवामा छाप्रोको प्रयोग लगायतका कम खर्चिला उपाय अपनाएर आफनो बारीलाई हराभरा बनाएका छन् । मुला, गाँजार, धनियाजस्ता बालीहरू वर्षैभरि फलाएर उपभोग गरिरहेका छन् । काँक्रा, फर्सी, तीतेकरेला, सिमी, गोलभेंडाजस्ता  बालीहरू चैत महिनादेखि नै फलाएर आफ्नो आर्थिक अवस्थामा समेत सुधार ल्याउन सफल भएका छन् ।

अहिले त त्यहाँका कृषकहरूको चेतना र पहुँचमा पनि निकै बृद्धि भएको छ । कृषि सम्बन्धि विभिन्न कार्यक्रममा सहभागितासमेत बढेको छ । आफूलाई लागेको कुरा बोल्न र अरुलाई सिकाउन समेत सक्षम भएका छन् । गाविस, स्तरिय कृषि, बन तथा वातावरण समितिमा समेत यस समूहका दलित महिलाले प्रतिनिधित्व गरेका छन् ।

परियोजनाले काम थालेको केहि वर्षको अवधिमै त्यहाँका कृषकहरूमा कृषि क्षेत्रमा चासो उत्साहजनक ढंगले बढेको छ । घरबगैंचा क्षेत्रलाई अमूल्य सम्पत्ति मानेर धेरैले बारबन्देज समेत गर्न थालेका छन् । त्यति मात्र होइन, उनीहरुको दैनिक खानपानमा पनि आमूल परिवर्तन आएको छ । उनीहरुको पोषणमा बृद्धि भएको छ, जसबाट उनीहरु र उनीहरुका बालबच्चासमेत कुपोषणजस्ता रोगबाट सधैंका लागि मुक्त भएका छन् । त्यति मात्र होइन, परियोजनाको पहल र कृषकहरुको प्रयासबाट जैविक विविधताको संरक्षणमा सानै भए पनि योगदान पुगेको छ ।

# यसरी फेरिँदैछ वीरबहादुरको जीवनशैली

गरिबीभन्दा क्रूर र निर्दयी दुनियाँमा अर्को केही छैन सायद । त्यही गरिबीले आफ्नो सिकार बनाएर बिहान-बेलुकाको हातमुख जोर्नै धौ-धौ भएपछि मान्छेले स्वास्थ्य, शिक्षाजस्ता कुरा सोच्न पनि भ्याउँदैन । मान्छे भएर जन्मिनुको सार्थकता बोध गर्न पनि पाउँदैन । बरु ऊ कुपोषण, अन्धविश्वास र अशिक्षाको सिकार हुन्छ । त्यसले उसको जिवनलाई यस्तो दलदलमा पुऱ्याएर जाकिदिन्छ कि जसबाट ऊ चाहेर पनि कहिल्यै निस्कन सक्तैन । पुस्तौंपुस्तासम्म फसि रहन्छ । मान्छे हुनुको सार्थकता खोज्नबाट वन्चित भइरहन्छ ।

नेपालका सयौं गाउँका जस्तै ओखलढुङ्गाको हर्कपुर गाविस डाँडापाखा गाउँका वासिन्दाहरु पनि तीन वर्ष अघिसम्म यस्तै नियतिमा बाँचिरहेका थिए। कटारी-ओखलढुङ्गा राजमार्ग खुलेसँगै र पहाडी लोकमार्गले घुर्मीको बजारलाई अझै गुल्जार बनाए पनि त्यसको नजिकै रहेको डाँडापाखाका वासिन्दाले त्यसको अवसर उपयोग गर्न सकेका थिएनन्। दैनिक १२ घन्टा भन्दाबढी काममा घोटिँदा पनि उनीहरुलाई गुजाराकै समस्या थियो। अर्काकोमा ज्याला मजदूरी गरेको भरमा जेनतेन गाँसको व्यवस्था गरिरहेका उनीहरुका लागि शिक्षा, स्वास्थ्यजस्ता कुराबाटसधैँ वन्चित भइरहन्थे । बिरामी पर्दा जहिल्यै ऋण सापटी लिनु पर्ने अनि वर्ष दिनमा आउने चाडवाडमा मिठो मसिनो खान पनि ठूल कष्ट उठाउनु उनीहरुका लागि भाग्यले थोपरेको नियति थियो ।गरिबीले आफ्नो पोल्टामा यसरी लपेटिसकेको थियो कि उनीहरुलाई आर्थिक समृद्धिका बारेमा सोच्ने समेत फुर्सद हुँदैनथ्यो । कोही-कोहीले त सोच्थे पनि होलान्, तर सोचेर मात्रै के गर्नु उपाय पहिल्याउन नसकेपछि ।

हर्कपुर गाविसमा फैलिएको १२.३६ हेक्टर क्षेत्रफलको प्राकृतिक वनको संरक्षण गर्ने उद्देश्यले स्थानिय अगुवाहरुको पहलमा डाँडापाखा सामुदायिक वन उपभोक्ता समिति गठन भएपछि ती विपन्नहरुको दैनिकीमा परिवर्तन आउन शुरु भयो । शुरुमा वन उपभोक्ता समितिले आफ्नो क्षेत्रमा रहेका विभिन्न तह र समुदायका उपभोक्ताहरुलाई भेला गरी संगठित गर्ने तथा विपन्नहरुको पहिचान गरी तिनको छुट्टै समूह बनाउने काम गऱ्यो । गाउँका विपन्नहरुले पनि समूहमा बसेर छलफल गर्ने, आफ्ना विचार र अनुभवहरु आदानप्रदान गर्ने, आयआर्जनका वैकल्पिक एवम् भरपर्दा उपायहरुका बारेमा खोजीनीति गर्ने गर्न थाले । समूहका सदस्यहरुको उत्साहसँगै वन उपभोक्ता समितिले पनि आफ्नो सीमित स्रोतबाट ती लक्षित समुदायको जीवनस्तर उकास्न आर्यआर्जन, शीपमूलक तालिम, छात्रवृत्तिमा सहयोग, निःशुल्क औषधो उपचार र आवश्यकताका आधारमा वनपैदावार उपलब्ध गराउन थाल्यो । फलस्वरुप बर्षौदेखि गरिबीको चपेटामा पिल्सिँदै आएका विपन्नहरुको आर्थिक स्तरमा विस्तारै सुधार आउन थाल्यो ।



ओखलढुङ्गा जिल्लामा रहेका कूल २८० वटा सामुदायिक वन उपभोक्ता समिति छन् । ती मध्ये कै एक डाँडापाखा सामुदायिक वन उपभोक्ता समितिले सञ्चालन गरेका कार्यक्रमबाट आफ्नो जीवनमा आमूल परिवर्तन ल्याउन

सफल हुने २१ परिवारमध्ये गाउँका वीरबहादुर भुजेलको परिवार पनि एक हो । अर्काको जग्गा अधिया कमाएर तथा बनिबुतो गरेर गुजारा गर्दै आएका उनले शुरुमा वन उपभोक्ता समिति अन्तर्गतको समूहमा सामेल भएर पाडी किन्नका लागि सात हजार रुपैयाँ बिनाधितो सापटी लिएका थिए । पाडीको आहारका लागि वन समितिले दुई वर्षसम्म वन क्षेत्रमा घाँस काट्ने सहुलियत पनि दियो । मिहेनती वीरबहादुर र उनको परिवारको राम्रो स्याहार र हेरचाह पाएपछि पाडी दुई वर्षमै हलक्क बढेर कल्कलाउँदो भयो । पाडी ब्याएपछि त्यसको मूल्य समूहले नै ६० हजार रुपैयाँ तोकिदियो । त्यसपछि त भुजेल परिवारका लागि खुसीका दिन शुरु हुन थालिहाले ।

त्यो भैंसी ६० हजारमा बेचेर उनले सबैभन्दा पहिला समूहबाट लिएको सात हजार रुपैयाँ सापटी तिरे । त्यसपछि गाउँभरि खोजेर सात हजार रुपैयाँमै बीउ पुँजीको रुपमा अर्को पाडी गोठमा भित्र्याए । अनि बचेको पैसाबाट बन्धकीमा खेत मात्र लिएनन्, बर्षौ पुराना ऋणको बोझबाट समेत मुक्त भए । बन्धकीमा खेत लिएर मिहेनत गर्न थालेपछि धान, मकैले दुई छोरा, दुई छोरी र श्रीमतीसहितको ६ जनाको परिवारलाई राम्ररी खान पुग्न थाल्यो । खेतीको घाँस परालबाट पाडीको खुराक जुट्यो । घाँसका लागि वनमा निर्भर हुनु पर्ने बाध्यता हट्यो । फुर्सदका बेला गर्ने मजदुरी उनीहरुको अतिरीक्त आम्दानी हुन थाल्यो । मिठोमसिनो खानका लागि चाडवाड नै पर्खिनु पर्ने अनि बिरामी हुँदा छिमेकी कहाँ हात पसार्न जानु पर्ने बाध्यता टर्न थाल्यो । फाटेका लुगा लगाउनु पर्ने विवशता हट्दै गयो । अहिले त उनका छोराछोरी पनि सुकिला भएर खुसी र प्रफुल्लताका साथ स्कुल जान थालेका छन् । विगतमा जस्तो कापी कलम समयमा किन्न नसक्दा अँध्यारो मुख लगाउँदै स्कुल जानु पर्ने अवस्था सधैंका लागि अन्त्य हुन पुगेको छ । "अहिले त छोराछोरी पनि मिहेनत गरेर पढ्न थालेका छन् ।" दंग पर्दै वीरबहादुर बताउँछन् ।

पछिल्लो पटक सात हजारमा बीउ पुँजीको रुपमा किनेको पाडी पनि राम्रो स्याहार पाएर दुई वर्षमै हलक्क बढ्यो । केही महिना अघि ब्याएको त्यसको मूल्यांकन समूहले ७० हजार रुपैयाँ गरिदिएको छ । आफ्नो इमानदारी र अथक मिहेनतका कारण ऋणबाट मुक्त भएका उनी त्यो कोरली भैंसी बेच्न चाहँदैनन् । बरु त्यसको दूध नजिकैको ठोक्सेलको बजारमा बेचेर अतिरिक्त आम्दानी गर्न चाहन्छन् । गोठमा भैंसीको मल प्रशस्त भएपछि अहिले उनले बारीमा तरकारी लगाएर त्यसबाट समेत मनग्ये आम्दानी गर्न थालेका छन् ।

त्यति मात्रै होइन समूहमा संगठित भएर छलफलमा सहभागी हुने क्रममा उनको आत्मविश्वासमा पनि अनौठो बृद्धि भएको छ । पहिलापहिला समूहमा बोल्न धक मान्ने उनी अचेल निर्धक्कसँग आफ्ना विचार मात्रै राख्दैनन्, अरुलाई सुझाव दिनसक्ने समेत भएका छन् । क्षमता विकाससँगै समूहको कार्यसमितिमा छनोट भएका उनी पदोन्नतसमेत हुँदै गएका छन् । खेतीमा पनि केही गर्ने उत्साहका साथ कृषि समूहमा समेत सामेल भएका छन् ।

डाँडापाखा सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष, इमानदारी र मिहेनतकै कारण वीर बहादुरले चार वर्षको छोटो अवधिमा यो सफलता प्राप्त गरेको बताउँछन् । उनको भनाईमा वीरबहादुर गाउँका नमूना हुन् । उता वीरबहादुर आफैँचाहिँ यो सफलताको श्रेय वन उपभोक्ता समितिलाई दिन्छन् । "समूहमा बसेर छलफल गर्दा ज्ञान, शीप र आत्मविश्वास बढ्दो रहेछ । मिहेनत गऱ्यो भने थोरै सहयोगबाट पनि आफ्नो आर्थिक अवस्थामा सुधार ल्याउन सकिने रहेछ ।" भुजेल भन्छन्, "म यो कुरा गरिबीमा बाँचिरहेका सबैलाई सुनाउन चाहन्छु ।"

# महिलाले चाहे भने केही असम्भव छैन

"मलाई यो गाउँमा यस्तो होला भन्ने लागेकै थिएन" ओखलढुङ्गाको वरूणेश्वर गाविस-५ की सृजना दाहाल भन्नुहुन्छ, "मन दिएर काम गर्ने हो भने साँच्चैको परिवर्तन हुँदोरहेछ ।"

सृजना मात्रै होइन, दुई वर्षअघिसम्म बरुणेश्वरका धेरैले परियोजनाका बारेमा नकारात्मक धारणा राख्थे । उनीहरुका लागि परियोजनाको काम भनेको पहुँच भएका दुई चारजनाले जागिर दिने र गाउँमा केही गरेजस्तो गरेर प्रगति रिपोर्ट तयार पार्ने मात्र हो भन्ने बुझाइ थियो। तर अहिले उनीहरुको त्यो धारणामा ठूलो परिवर्तन आएको छ । अनि साच्चै लागिपर्ने हो भने कुनै पनि कुरा परिवर्तन गर्न असम्भव रहेनछ भन्ने निष्कर्षमा पुगेका छन्, सृजनाजस्तै वरूणेश्वर गाउँवासीहरू ।

सदरमुकामबाट १६ किमी पश्चिममा रहेको यो गाउँमा ब्राह्मण, क्षेत्री  शेर्पा, राई तथा दलित जातिको वसोवास छ। दाहाल थरका बाहुनहरुको बाहुल्य रहेको यहाँ इलाका स्वास्थ्य चौकी बनेको थुप्रै वर्ष भयो । तर त्यहाँ सुरक्षित मातृत्व तथा प्रसुति सेवाको अवस्था अत्यन्तै नाजुक थियो । त्यसकारण पनि गाउँको स्वास्थ्य चौकीबाट पनि गुणस्तरीय स्वास्थ्य सेवा पाइन्छ भन्ने विश्वास गाउँलेमा पटक्कै थिएन । त्यसैले स्वास्थ्य सेवा सुधारका लागि छलफल गर्न कुनै संस्थाले बोलाइहाल्यो भने पनि गाउँलेहरु वास्ता गर्दैनथे ।

यस्तै अप्ठ्यारो परिस्थितिमा करिव १८ महिना अघि स्वीस सरकार सहयोग अन्तर्गतको ग्रामिण स्वास्थ्य विकास परियोजनाले  बरुणेश्वरमा काम शुरु गरेको थियो । शुरुमा उसले गाविस स्तरीय परिचयात्मक कार्यक्रम सञ्चालन गऱ्यो । परियोजनाप्रति विश्वास नभएकाले खासै मानिस आएनन् । यतिसम्म कि त्यो बेला स्वास्थ्य चौकीका कर्मचारी तथा स्वास्थ्य व्यवस्थापन समितिका पदाधिकारीहरुको सोचाई पनि उस्तै थियो । "यस्ता कार्यक्रमले के पो भइहाल्छ र ?" उनीहरू भन्थे, "यस्ता परियोजना कति आए कति ? केही हुनेवाला छैन ।"



सविता दाहाल अनमी स्वास्थ्य चौकी वरूणेश्वर सुत्केरी गराउने तयारीमा

तर सबै कुरा पहिलाका जस्तै हुँदैनन्। आउने कतिपय कुरा बितेका कुराभन्दा फरक, राम्रा र सकारात्मक पनि हुनसक्छन् । वरूणेश्वरमा पनि यस्तै भयो । ग्रामिण स्वास्थ्य विकास परियोजनाका कार्यकमहरू सहभागितामूलक ग्रामीण लेखाजोखाबाट शुरू भयो । स्वास्थ्यको वर्तमान अवस्था र स्थानिय आवश्यकता विश्लेषणपछि एकपछि अर्को कार्यक्रमहरू सञ्चालन हुँदै गए। सेलाएको स्वास्थ्य संस्था सञ्चालन र व्यवस्थापन समिति पनि सक्रिय हुँदै गयो। समुदायमा त उथलपुथल नै भयो। पुनर्गठन र तालिम पाएपछि लामो समय देखि निष्कृय रहेको आमा समूह सक्रिय र जिम्मेवार बन्यो । "आमा र वच्चालाई स्वास्थ्य संस्थासम्म पठाउने  र उनीहरूलाई वचाउने जिम्मेवारी त आमा समूहकै रहेछ ।" आमा समूह वडा नं. ५ की सृजना दाहाल भन्नुहुन्छ "पहिले त हामीले आफ्नो जिम्मेवारीनै बुझेका रहेनछौं ।" अहिले गाविसभरिकै मातृमृत्यु घटाउन के गर्न सकिन्छ भन्ने बारेमा सन्जाल र योजना बनाएर आमा समूहले काम गरिरहेको छ ।

यस बीचमा स्वास्थ्य संस्थाको सेवा प्रवाहमा पनि देख्न र अनुभूत गर्न सकिने परिवर्तन भएको छ। आमा समूह र संजालकै सक्रियता तथा मागका आधारमा सुत्केरी कक्षाको स्थापना गरिएको छ। चौविसै घण्टा प्रसुति सेवाका लागि आवश्यक २ जना अनमी मध्ये एकजना गाविसबाट व्यवस्था भएको छ। सुरक्षित मातृत्व सेवा गुणस्तरीय वनाउन गाविसवाट आर्थिक वर्ष २०६७/६८ मा रू ७३,२०० विनियोजन गरियो। परियोजनावाट पनि सुत्केरी गराउने वेड, सर्जरी लाईट, भ्याकुम सेटजस्ता सामाग्री प्राप्त भएको छ। "यी सामाग्रीले काम गर्न निकै सजिलो भएको छ।" अनमी सविता दाहाल भन्नुहुन्छ, "छोटो समयमा स्वास्थ्य संस्थामा निकै परिवर्तन आएको छ।"

शुरुमा परियोजना र स्वास्थ्य चौकीको पहलमा गाँउमा विपन्न परिवारका गर्भवती महिला र उनका श्रीमान वा सासुलाई जन्म तयारी सम्बन्धी तालिम दिइयो । व्यवस्थापन समितिले पनि मातृमृत्यु आफ्नो समुदायको ठुलो समस्या हो भन्ने महसुस गर्‍यो । अनि स्वास्थ्य संस्थामा सुत्केरी हुन आउने महिलालाई सरकारले दिने एक हजार रूपैयाँ जिल्लाबाट आउन्जेल नपर्खिकन तुरून्तै दिने व्यवस्था मिलायो । यसैगरी नियमित रूपमा ४ पटक गर्भजाँच पनि गराएको रहेछ भने थप चारसय रूपैयाँ पनि सुत्केरीलाई दिने व्यवस्था गर्‍यो ।

इतिहासमै वरूणेस्वर स्वास्थ्य चौकीमा २०६७ वैसाखमा पहिलो पटक निर्मला कार्की सुरक्षित सुत्केरी हुनुभयो । पहिलो पटक गाउँकै स्वास्थ्य संस्थामा सुरक्षित प्रसुती सेवा पाउँदा कार्की खुसी व्यक्त गर्नुहुन्छ । अहिले त सुत्केरी गराउन कसैले पनि सदरमुकाम धाउनु परेको छैन । यसबाट उनीहरुको स्रोत साधनको बचत मात्र भएको छैन, टाढा लैजाँदा खेप्नु पर्ने समस्या र घरका सदस्यहरुलाई हुने चिन्ता पनि हटेको छ । व्यवस्थापन समितिका अध्यक्ष बालकृष्ण दाहालका अनुसार गर्भवती महिलालाई सुत्केरी गराउन स्वास्थ्य संस्थासम्म ल्याउने कुरुवालाई पनिस्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको कोषबाट प्रोत्साहन स्वरुप दुई सय रूपैयाँ दिने व्यवस्था गरिएको छ। यसबाट सुत्केरी स्याहार र सुरक्षित मातृत्वको लहर नै चलेको छ। गत वर्ष ३ जना सुत्केरी भएको स्वास्थ्य संस्थामा यस वर्ष २१ जना सुत्केरी भएका छन् । स्वास्थ्यसम्बन्धी पर्याप्त चेतनाले गर्दा आमा र शिशुको स्वास्थ्य राम्रो छ । गाउँमा मातृशिशु मृत्युदर शुन्यमा झरेको छ ।

स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले पाएको तालिमले गर्दा परिवर्तनलाई संस्थागत गर्न सजिलो भएको छ । यसपछि स्वास्थ्यका योजना वनाउने र गाउँ परिषदमा पेश गरी आर्थिक सहयोग जुटाउन समिति सफल भएको छ। गाविसमा पहल गरी अनमी राख्न र सुत्केरी कक्षलाई व्यवस्थित गर्न सम्भव भएको छ।


वरूणेश्वरको सुरक्षित प्रसुती कक्ष

आउदो एकवर्ष भित्र भान्सासहित विरामी कुरूवा र सुत्केरीलाई राख्ने भवन निर्माण गर्ने योजनामा समिति रहेको छ। समितिका सदस्य नारायणप्रसाद दाहाल स्वास्थ्य चौकीको नाममा रहेको ३ रोपनी जग्गा भाडामा दिएर आएको आम्दानीले २ जना अनमी स्थानीय स्तरवाटै नियमित रूपमा राखी २४ सै घण्टा सुत्केरी सेवा दिई मातृमृत्यु दरलाई घटाउने प्रतिवद्धता व्यक्त गर्नुहुन्छ।

अहिले आमा समूह र आमा समूह संजालका प्रतिनिधिहरू सगुनसहित गर्भवती तथा सुत्केरी महिलाको घरमा भेट्न जान्छन् । उनीहरु केही समयअघि मात्रै वरूणेश्वर ३ कि गीता भुजेलको घरमा पुगेका थिए । उनीहरुले दुईपाथी चामल, तरकारी, तेल, वच्चालाई २ वटा जोर भोटो, टोपी, नुहाई दिने सावुन सुगुनका रुपमा लगेका थिए ।

गाउँका आमा दिदीहरु कोसेली बोकेर भेट गर्न आएकोमा गीता निकै खुसी हुनुभयो । "मलाई त माइतबाट आमा  भेट्न आउँदाभन्दा वढी खुशी लाग्यो ।" गीताले भन्नुभयो "स्वास्थ्य संस्थामा सुत्केरी हुँदा धेरै फाइदा भयो ।" पहिले घरमै वच्चा जन्माउदा पेट धेरै दुख्ने र धेरै रगत बग्ने भए पनि स्वास्थ्य संस्थामा सुत्केरी हुँदा यस्तो समस्या नभएको भुजेलको अनुभव छ ।

स्वास्थ्य संस्थामा नियमित ४ पटक गर्भजाँच गराएका अनि स्वास्थ्य संस्थामै सुत्केरी भएका २ वटासम्म बच्चा हुनेलाई कोशेली भेट गरी स्वास्थ्य शिक्षा दिने गरेको आमा समूह सञ्जालकी अध्यक्ष झिलादेवी दाहाल बताउनु हुन्छ। यसले गर्दा सुत्केरी अवस्थामा आमा र बच्चा दुवैलाई आईपर्ने खतराबाट बचाउन सहयोग पुगेको दाहालको अनुभव छ । "पहिले त सुत्केरी गराउँदा पैसा तिर्नुपर्थ्यो, अहिले स्वास्थ्य संस्थामा सुत्केरी हुदाँ उल्टै सुत्केरीले नै यातायात खर्च वापत एकहजार रूपैयाँ पनि पाउँछन् ।" उहाँले भन्नुभयो "गएको दुई वर्षयता गर्भवती भएकै कारणले यो गाविसमा कसैको पनि मृत्यु भएको छैन ।"

# जवकन्याको जीवनमा आएको रहरलाग्दो परिवर्तन

रातदिन मिहेनत गर्दा पनि हातमुख जोर्नै समस्या भएपछि गाउँका मानिसको एकमात्र विकल्प अरुकहाँ ज्याला मजदुरी गर्नु हो । नजिकै बजार भएका अलिकति टाठाबाठाहरुले भने घरेलु रक्सी उत्पादन गरी जीविकोपार्जन गर्ने आम चलन नै छ । परम्परागत रुपमै जाँडरक्सी बनाउने संस्कार भएका जातिका महिलाहरुले यस्तो पेशा अपनाउनु अन्यथा पनि होइन । त्यसबाट पर्ने दीर्घकालीन असरहरुका बारेमा भने उनीहरुमध्ये धेरैजसो अनभिज्ञ नै हुन्छन् । यसबारेमा कसैले उनीहरुलाई बुझाउने प्रयास गरेको पनि पाइँदैन ।

ओखलढुङ्गा जिल्लाको टेकनपुर बरुणेश्वर गाविस (८ निवासी ४६ वर्षीया जवकन्या राईको पेशा पनि चारवर्ष अघिसम्म पनि घरेलु रक्सी बनाएर बेच्ने नै थियो । २० वर्षकै उमेरमा विवाह बन्धनमा बाधिनुभएकी उहाँले शुरुमा गुजाराका लागि दैनिक ३० रुपैयाँ ज्याला पाउने गरी अरु कहाँ मजदुरी पनि गर्नुभयो । त्यसबाट परिवार धान्न धौधौ भएपछि अन्न कुहाएर घरेलु रक्सी बनाई बेच्न थाल्नुभयो । त्यसबाट महिनामा तीन हजारदेखि वार्षिक चालीस हजारसम्म कमाउनु हुन्थ्यो । खासमा उहाँले जानेको र सजिलो काम पनि यही नै थियो, अरु विकल्प केही थिएन । यसबाट उहाँले घरपरिवार पालेर तीवटा बालबच्चाको पढाई खर्च जेनतेन पुग्थ्यो । उहाँका तीन छोराछोरीमध्ये जेठा छोरा बसन्त अहिले वैदेशिक रोजगारका लागि साउदी अरबमा छन् भने छोरीलाई १२ कक्षासम्म पढाएर बिहे गरिदिनु भयो । कान्छो छोरा अहिले गाउँकै विद्यालयमा दश कक्षामा अध्ययनरत छन् ।

त्यसो त उहाँको स्वामित्वमा जग्गा नै नभएको भने होइन । खेतको सानो टुक्रा घरबाट निकै टाढा भएकाले समय अनुसारको खेती भने गर्न सक्नुभएको छैन । डेढ रोपनी वारीमा फलाएको मकै, कोदोले छ महिना पनि खान पुग्दैनथ्यो । बारीमा पानीको स्रोत भए तापनि उहाँले मकै र कोदो मात्रै लगाउँदै आउनुभएको थियो । करेसा बारीमा तरकारीका लागि सागपात र स्थानीय लसुनमात्र लगाउनुहुन्थ्यो । करेसाबारीका सदुपयोग कसरी गर्ने, जैविक मल कसरी बनाउने भन्ने ज्ञान उहाँसँग छँदै थिएन ।

अभावको जिन्दगी बाँचिरहेका बेला २०६२ सालमा छिमेकको कसैलेउहाँलाई सयपत्री संस्थामार्फत् दिन लागिएको दिगो भु-व्यवस्थापन कार्यक्रम सम्बन्धी तामिमा सहभागी हुने सुझाव दियो । तालिम लिएपछि उहाँलाई जीवनमा परिवर्तनको ल्याउनसक्ने आत्मविश्वास बढेर आयो । त्यसपछि उहाँले तालिममा सिके का कुरालाई व्यवहारमा उतार्ने अठोट गर्नु भयो । त्यसपछि उहाँले मकै र कोदो लगाउने बारी मासेर, गोलभेंडा उत्पादन गर्ने प्लाष्टि-घर बनाउनु भयो । त्यसका लागि तालिम दिने सयपत्री संस्थाले प्लाष्टिक उपलब्ध गराएको थियो । त्ससँगै उहाँले सिमेन्टको भकारो बनाउनुको साथै गोठेमलमा छानो राखेर जै विक विषादि बनाउन थाल्नु भयो । श्रीमान् र छोराछोरीसमेत भरपुर सहयोग पाएपछि उहाँलाई आफूले गरेको कामबाट आत्म सन्तुष्टि प्राप्त हुन थाल्यो । रमाइलो पनि महशुस हुन थाल्यो ।

इमानदारीपूर्वक मिहेनत गरेपछि फल निश्चय नै प्राप्त हुन्छ । जबकन्याले पनि आफ्नै बारीमा फलाएको तरकारी बाट २०६६ सालमा मात्रै एकलाख विसहजार रुपैयाँ जतिको तरकारी बेच्नु भयो । ब्यापारमा लत बस्दै गएपछि र घर अघिल्तिरबाटै सडक बनेपछि उहाँले तरकारी लगायत घरायसी समान बेच्नको लागि आफ्नै घरमा पसलसमेत खोल्नु भयो । जिल्ला सडक सहयोग कार्यक्रम अन्तर्गत जिविसले खनेको सडक उहाँको घर छेवैबाट जान्छ । बाटो हिंड्नेहरु र छिमेकीहरुले नै उहाँको पसलबाट सामान किन्छन् । चार वर्ष यता



जबकन्या राई आफ्नो तरकारी वारीमा काम गर्दै

तरकारी बिक्रीबाट भएको कमाई र सडकमा काम गरेको ज्यालाको आम्दानीबाट एउटा घर बनाएर आफ्नो आधा सपना पुरा गर्नुभएको छ ।

तरकारी बेच्ने पनि उहाँको आफ्नै तरिका छ । पहिलो, उहाँका ग्राहकले घर तथा पसलमैआएर किनेर लै जान्छन् । दोस्रो, उहाँ आफैँ तरकारी बाकेर ओखलढुगा बजारमा लगेर बेच्नु हुन्छ । तेस्रो, उहाँ घरघरैसमेत घुमाएर बेच्नु हुन्छ । ओखलढुगा सदरमुकामको सैनिक क्याम्प तरकारी बेच्न उहाँका नियमित गन्तब्य हो । फलाउन सके तरकारी बेच्न समस्या छैन भन्ने लाग्छ उहाँलाई । विशेषगरी उहाँ आफ्नो बारीमा प्याज, गाजर, अदुवा, लसुन, टमाटर, कोसा, गेडागुडी, तीतेकरेला, लौका, काँक्रो आदि लगाउनुहुन्छ । उहाँ पहिले साग र स्थानीय लसुनबाहेक अरु तरकारी खाने त परै जावस अन्य तरकारी कहिल्यै नदेखेको बताउनुहुन्छ । तर अहिले उहाँको बारीमा ताजा तरकारीका अनेक बान्की छन् । त्यसबाट उहाँ र उहाँको परिवारलाई पोषणयुक्त खाद्यतत्व प्रशस्त प्राप्त भइरहेको छ ।

जबकन्याले २०६४ सालदेखि अनुभवी अगुवा कृषकले अपनाउदै आएका विकसित गोठेमल सुधार, कम्पोष्ट निर्माण, जैविक विषादी निर्माण तथा प्रयोगजस्ता काम गरी तरकारी उत्पादन गर्दै आउनुभएको छ । यो अनुभवसँगै उहाँले २०६७ साल देखि कृषक समूहको उपाध्यक्ष र गत एक वर्षदेखि कृषि वन तथा वतावरण समितिको सदस्यको जिम्मेवारी पनि सम्हाल्न सक्षम हुनुभएको छ । "मैले आफ्नो खेतवारीमा मात्र होइन मेरो आमाको व्यक्तित्वमा समेत परिवर्तन देखेको छु ।" दुई वर्ष साउदी अरब बसेर विदामा घर आएका राईका जेठा छोरा वसन्त भन्छन्, "उहाँ पहिलेभन्दा धेरै क्रियाशील, क्षमतावान र धैर्यशील हुनुभएको महशुस गरेको छु । यसभन्दा अगाडि मैले आफ्नो खेतबारी, गोठ र घरमा यस्तो हरियाली र विविधिकरण देखेको थिइनँ ।"

स्थानीय आमा समूह र वन उपभोक्ता समूहको सदस्य पनि रहनुभएकी राईका पति जिल्ला सडक सहयोग कार्यक्रम अन्तर्गत उपभोक्ता समितिको संयोजक हुनुहुन्छ । उहाँले दिगो भुव्यवस्थापन कार्यक्रमको सहयोगमा तरकारी खेति, गोठेमल सुधार, नगदे वाली सम्बन्धि तालिम हासिल गर्नु भएको छ । वारीमा सुधारिएको गोठेमल, कम्पोष्ठ, पशुमुत्र र जैविक विषदिमात्रै प्रयोग गर्नुहुन्छ । २०६७ फागुनसम्म उहाँसँग पशुका नाउँमा एउटा गाई र  दुईवटा बाछामात्रै थिए । उहाँलाई यति पशुले गोठेमल पुग्दैन भन्ने लाग्थ्यो । त्यसैले उहाँले एउटा राँगो पनि पाल्ने बिचार गर्नुभयो ।

अचेल त राई गोठेमल बनाउन आफै जान्नुहुन्छ । त्यसको लागि पशुको पिसाब जम्मा गर्ने, त्यसमा टिम्बुर तितेपाती, सिस्नो, कौसनी, हात्तीबार, आरु तथा अंगेरीको पात आदि मिसाउनु हुन्छ । त्यसरी करिव ४० दिनसम्म कुवाएर विरुवावर्द्धक र रोगकिरालाई भगाउने विषादी तयार गरी प्रयोग गर्नु हुन्छ ।

अहिले जवकन्यालाई पहिलेका ती दुःखका दिन गएजस्तो लाग्छ । अहिले घरको आम्दानीले वर्षभरि नै खान र घरायसी खर्च चलाउन पुग्छ । पहिले जातीय संस्कारअनुसार उहाँको परिवार लाई माछामासु खान कहिल्यै पैसाले पुग्दैनथ्यो । तर अहिले आफ्नो आम्दानी बढेकाले मन लागेको बेलामा माछामासु खान मन कुडाउनु पर्दैन ।

पछिल्लो समयमा उहाँले अनुभवी अगुवा कृषकको तालिमसमेत लिई सक्नुभएको छ । यो तालिम लिएपछि आफूले सिकेका कुरा अरुलाई पनि सिकाउने हो तर आफ्नै घरमा पसल भएका कारण उहाँले अन्य समूहलाई तालिम भने दिन भ्याउनुभएको छैन । यद्यपि सिक्न चाहने छिमेकीलगायत अन्य किसानका लगि सिकाउन भने जहिले पनि तयार हुनुहुन्छ । आफुले जाने को कुरा उहाँले अरुलाई सिकाउन सक्नुहुन्छ तर तालिमकै रुपमा भने लेखपढ नभएकाले अलि हिचकिचाहट लाग्छ उहाँलाई । “२०६७ को माघमा मैले बैंक खाता खोलेर दशहजार रुपैयाँ जम्मा गरेकी छु ।” उहाँले गर्व गर्दै भन्नुभयो- “मेरा पति आफूले बनाउन लागेको नयाँ घरको लागि कालिगढको कामसमेत गर्नुहुन्छ । यो सवै हेर्दा रमाइलो र आनन्द लाग्छ ।”

आर्थिक समृद्धिको खुड्किलो उक्लिँदै गएपछि जबकन्याले पनि जीवनमा केही गर्ने सपना देख्न थालेकी छिन् । हुन त सपना साना हुन् वा ठुला, सबैलाई आफूले देखेको सपना प्यारो लाग्छ । ती सपना पूरा गर्ने अठोट जाग्छ । जबकन्याले पनि बनाउन लागेको नयाँ घर पुरा गर्ने, किराना पसलमा अझै बढी सामान राख्ने र भैसीको एउटा पाडो किन्ने छन् । गोठमा पाडो थप्न सके मलखाद र पशुमुत्रको मात्रा बढ्न गई अझै बढी तरकारी फलाएर बेच्न सकिन्छ भन्ने उहाँको आत्मविश्वास छ । उहाँले आफ्नो बारीमा रहेको पानीको स्रोतको संरक्षणसमेत गर्न थाल्नु भएको छ । तरकारी खेती गरेर बढीभन्दा बढी आम्दानी गर्नका लागि अरुको बारी ठेक्कामा लिने योजना समेत बनाउनु भएको छ । आम्दानी गर्न सके बचतमा बृद्धि हुन गई बूढेसकालमा सहयोग पुग्ने उहाँको विश्वास छ ।